गल्कोट नगरपालिका

स्थानीय राजपत्र

खण्ड ७)    संख्या (२) असार ३१ गते २०८० साल

**भाग -१**

गल्कोट नगरपालिका

**नगरकार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गल्कोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गल्कोट नगरपालिकाको विनियोजन ऐन, २०८०

गल्कोट नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना**:

गल्कोट नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम गल्कोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्तनाम र प्रारम्भः** (१)यस ऐनको नाम “गल्कोट नगरपालिकाको विनियोजन ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६८,१२,१८,०००।- (अक्षरुपी अरसठ्ठीकरोड बाह्लाख अठारहजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३.विनियोजन** : (१)यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त गल्कोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**४.लेखांकन लेखापरीक्षण तथा प्रतिवेदन** : यो ऐन बमोजिम संघीय र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएको र नगरपालिकाको स्रोतबाट कार्यक्रममा समावेश भई खर्च भएको रकमको प्रचलित कानूनले तोके बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ ।

**५.अख्तियारी तथा कार्यक्रम स्वीकृती सम्बन्धी व्यवस्था** : यस ऐन वमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च खर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखी अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

अनुसुची –१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**स्थानीय संञ्चित कोषबाट विनियोजन हुने रकम**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **शिर्षकको नाम** | **चालु खर्च** | **पुंजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | गल्कोट नगरकार्यपालिका | १५५८६८०००।- | ८५१५००००।- | ० | २४१०१८०००।- |
| २ | वडा नं.१ को कार्यालय | १८८५०००।- | ३०१५०००।- | ० | ४९०००००।- |
| ३ | वडा नं.२ को कार्यालय | १२०००००।- | ३००००००।- | ० | ४२०००००।- |
| ४ | वडा नं.३ को कार्यालय | ११०००००।- | ३८०००००।- | ० | ४९०००००।- |
| ५ | वडा नं.४ को कार्यालय | १००५०००।- | २८९५०००।- | ० | ३९०००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वडा नं.५ को कार्यालय | १२५००००।- | ३१५००००।- | ० | ४४०००००।- |
| ७ | वडा नं.६ को कार्यालय | १२०००००।- | २८०००००।- | ० | ४००००००।- |
| ८ | वडा नं.७ को कार्यालय | ११०००००।- | २८०००००।- | ० | ३९०००००।- |
| ९ | वडा नं. ८ को कार्यालय | १७०००००।- | २६०००००।- | ० | ४३०००००।- |
| १० | वडा नं. ९ को कार्यालय | १४०००००।- | २५०००००।- | ० | ३९०००००।- |
| ११ | वडा नं.१० को कार्यालय | १४५००००।- | ३४५००००।- | ० | ४९०००००।- |
| १२ | वडा नं.११ को कार्यालय | २००००००।- | २९०००००।- | ० | ४९०००००।- |
| १३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान | ३५२००००००।- | ९००००००।- | ० | ३६१००००००।- |
| १४ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान | ५००००००।- | १०००००००।- | ० | १५००००००।- |
| १५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपुरक अनुदान | ० | ६००००००।- | ० | ६००००००।- |
| १६ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान | ० | ५००००००।- | ० | ५००००००।- |
| १७ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम समपुरक अनुदान | ० | ५००००००।- | ० | ५००००००।- |
| | **कुल जम्मा** | **५२,८१,५८,०००।-** | **१५,३०,६०,०००।-** | **०** | **६८,१२,१८,०००।-** |

**आज्ञाले**

**गंगा बहादुर भुजेल**

**प्रमुख प्रशासकीय अधिकृत**